अनुसूची -२

(कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिम)

सिद्धिचरण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ओखलढुंगा

प्रदेश नं. १ नेपाल

# करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति :२०७५/०५/१८ )

सिद्धिचरण नगरपालिकाको लागि आयुर्वेद शाखा/जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मा रहने गरी अभ्यंगकर्ता(पद) को रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनसम्म कार्यालय समयभित्र दरखास्त तथा आवश्यक प्रमाणपत्रको प्रतिलिपि वा स्क्यान गरेको प्रति siddhicharanmunicipality@gmail.com मा इमेल मार्फत पठाउनु हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण नगरपालिकाको वेवसाइट www.siddhicharanmun.gov.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| अभ्यंगकर्ता | १ (एक) |

## २.शैक्षिक योग्यता र अनुभव :

१. नेपाली नागरिक ।

२. न्यूनतम शैक्षिक योग्यता: आयुर्वेद विषयमा वैद्य कोर्स उत्तिर्ण गरेको

३. उमेर १६ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।

४. आवद्धता: नेपाल सरकारवाट मान्यता प्राप्त विभिन्न काउन्सिल वा परिषद् वा अन्य निकायमा दर्ता/संलग्नता/आवद्धताको प्रमाणपत्र आवश्यक पर्ने भएमा सोको प्रमाण ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**विशेष ग्राह्यता:- सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको दलित, अपांग, महिला तथा स्थानीयवासीलाई विशेष ग्राह्यता दिइनेछ ।**

**३. दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत